ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 29.05.2026

## बिरसा लिभ्स इन न्यू भारत सप्ताह' अन्तरगत 'जनजातीय गौरव उत्सव-२०२६' विशेष संवाद कार्यक्रम

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले आज लोकभवनमा आयोजित 'बिरसा लिभ्स इन न्यू भारत सप्ताह' अन्तर्गत 'जनजातीय गौरव उत्सव-2026' को विशेष संवाद कार्यक्रममा मुख्य अतिथिको रुपमा सहभागिता जनाउनुभयो। कार्यक्रममा समाज कल्याण विभागका मन्त्री सामडुप लेप्चाको विशेष उपस्थिति रहेको थियो। सामाजिक कल्याण विभागद्वारा आयोजित कार्यक्रममा अनुसूचित जनजातिका पोस्ट-म्याट्रिक छात्रवृत्ति लाभार्थी विद्यार्थीहरूसँग प्रत्यक्ष संवाद गरिएको थियो। कार्यक्रममा करिब 60 जना जनजातीय विद्यार्थी तथा विभिन्न जिल्लाका अधिकारीहरुको उपस्थिति रहेको थियो। राज्यपालले विद्यार्थीहरूका जिज्ञासा तथा समस्याहरू सुन्नुका साथै छात्रवृत्ति वितरण प्रक्रियामा देखिएका प्राविधिक समस्याको समाधान गर्न सम्बन्धित अधिकारीहरूलाई निर्देशन दिनुभयो। उहाँले भगवान बिरसा मुन्डाको योगदान स्मरण गर्दै युवाहरूलाई शिक्षा, आत्मसम्मान र समाज सेवाको भावनासहित विकसित भारत निर्माणमा सहभागी हुन आह्वान गर्नुभयो। कार्यक्रममा उत्कृष्ट प्रदर्शन गर्ने जिल्लाहरूलाई सम्मानित गर्नुका साथै विभिन्न जिल्लालाई ल्यापटप पनि वितरण गरिएको थियो।

## जनआक्रोशपछि लाचेन संकटले सरकारलाई कारबाही गर्न बाध्य पार्यो

लाचेनका बासिन्दाहरूको बढ्दो जनआक्रोश र विरोध पछि मात्र राज्य सरकारले अन्ततः आज यस क्षेत्र सम्बन्धि संकट बारे उच्चस्तरीय बैठक बोलायो। २०२३ को विनाशकारी बाढीले गर्दा बिग्रँदै गएको सडक सम्पर्क पछि यो क्षेत्र छुट्टिन्दै गएको छ।

मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले सम्मान भवनमा यस अध्यक्षता गर्नुभयो। बैठकको क्रममा, बासिन्दाहरूले बारम्बार हुने सडक अवरोधले दुर्गम सीमावर्ती गाउँमा सामान्य जीवनलाई कसरी बाधित पारेकोछ, अनि पर्यटन, आवश्यक वस्तुहरूको ढुवानी, चिकित्सा आपतकाल र आर्थिक गतिविधिहरूमा गम्भीर असर पारेको कुरा प्रकाश पारे।

छलफल पछि,मुख्यमन्त्रीले सेनाका अधिकारीहरू र बीआरओ अधिकारीहरूलाई अस्थायी पुनर्स्थापना कार्यहरू जारी राख्न र जुलाई १५ सम्ममा चलिरहेको मर्मत उपायहरू पूरा गर्न आग्रह गर्नुभयो। उहाँले प्रभावित स्थलहरूको निरीक्षण गर्न र दीर्घाकालीन समाधान सिफारिस गर्न उच्चस्तरीय समिति गठनको पनि घोषणा गर्नुभयो। प्राविधिक सम्भाव्यताको आधारमा सबै मौसमको लागि सुरूङ सम्पर्क मार्ग निर्माण गर्ने सम्भावना पनि खोजी गरिनेछ।

कुरा जनतालाई आश्वस्त पार्दै मुख्यमन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखिसकेको र यस विषयमा रक्षामन्त्री राजनाथ सिंहसँग भेटघाटको लागि पहल गरिने बताउनुभयो।

## CBC र PIB गान्तोकले 'नशा मुक्त भारत अभियान' र 'एक पेड माँ के नाम' बारे प्रचार कार्यक्रम आयोजना गर्यो

भारत सरकारको केन्द्रीय सञ्चार ब्यूरो (CBC) र गान्तोकले पत्र सूचना कार्यालय (PIB), वातावरणीय मुद्दाहरू, स्वास्थ्य र सामाजिक सरोकारहरूमा जागरूकता फैलाउने पहलको एक भागको रूपमा आज पाकिम जिल्लाको सुमिन लिङ्चे माध्यमिक विद्यालयमा प्रचार कार्यक्रम आयोजना गर्यो। कार्यक्रम दुई राष्ट्रिय अभियानहरू - नशा मुक्त भारत र एक पेड माँ के नाम मा केन्द्रित थियो जसले विद्यार्थीहरू र स्थानीय समुदायमा जागरूकता जगायो।

शिक्षक, विद्यालय कर्मचारी, PIB गान्तोक र आकाशवाणी गान्तोकका अधिकारीहरू विद्यार्थीहरू कार्यक्रममा उपस्थित थिए।

## गान्तोक जिल्लामा SIR २०२६ का लागि BLO हरूलाई गणना Form र आवश्यक किटहरू हस्तान्तरण

गान्तोक जिल्लाका निर्वाचन दर्ता अधिकारीहरू र सहायक निर्वाचन अधिकारीहरू ले आज विशेष गहन संशोधन SIR प्रक्रियाको सहज सञ्चालनको लागि बुथ स्तर अधिकारीहरू लाई किटहरू र गणना Form हरू हस्तान्तरण गरे।

भारतीय निर्वाचन आयोग द्वारा सिक्किममा शुरू गरिएको SIR प्रक्रियाको उद्देश्य सबै योग्य नागरिकहरूलाई मतदाता नामावली मा समावेश गर्नु हो, भने कुनै पनि योग्य मतदाता छुट्टिनु हुन्दैन। यसको उद्देश्य अयोग्य प्रविष्टिहरू समावेश हुनबाट रोक्न र मृतक, स्थानान्तरित र अनुपस्थित मतदाताहरूको नाम सूचीबाट हटाउन पनि हो।

## विशेष गहन संशोधन (SIR) 2026 को लागि DAC गान्तोकमा सहायता कक्ष स्थापना गरिएको छ

विशेष गहन संशोधन (SIR) 2026 का लागि सहायता कक्ष आज सिचेको गान्तोकस्थित जिल्ला प्रशासनिक केन्द्रमा स्थापना गरिएको छ।

सहायता कक्ष सबै कार्य दिनहरूमा बिहान 10 बजेदेखि साँझ 4:30 बजेसम्म खुला रहनेछ।

## ज्ञान भारतम मिशन अन्तर्गत राष्ट्रिय पाण्डुलिपि सर्वेक्षणको प्रसार सम्बन्धी प्रशिक्षण कार्यक्रम सिक्किम राज्य अभिलेखागारमा आयोजित

ज्ञान भारतम ज्ञान राष्ट्रिय राष्ट्रिय पाण्डुलिपि सर्वेक्षणको प्रसार सम्बन्धी प्रशिक्षण कार्यक्रम शिक्षा विभाग र धर्म विभागको सहकार्यमा संस्कृति विभागद्वारा आज सिक्किम राज्य अभिलेखागारमा आयोजना गरिएको थियो।

शिक्षा विभागका भाषा शिक्षकहरू र सिक्किमका सबै जिल्लाहरूमा भएका धर्म विभागका गुरु र संस्कृत शिक्षकहरू सहित जम्मा 69 सहभागीहरूले कार्यक्रममा भाग लिएका थिए।